**बैठक संख्या : ८४**

आज मिति २०७८/०६/०४ गते................बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रूद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता धिमिरे | कार्यपालिका सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारू | कार्यपालिका सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |
| २६ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |

बैठकका प्रस्तावहरू :

१. विशेष नगरसभा सम्बन्धमा ।

२. चालु आ.व.को कार्यक्रमहरू संचालन सम्बन्धमा ।

3. समसामायिक विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि नवौं नगरसभाबाट योजना तर्जुमा हुँदा २०७७/०७८ का निर्माण हुन नसकेका योजनाहरूलाई आ.व. २०७८/०७९ मा निरन्तरता दिने भनि नगरसभाबाट निर्णय गरिएको तर योजना किताब तथा शुत्रमा समावेश नगरिएको हुँदा उक्त योजना तथा कार्यक्रमलाई बजेटमा समेट्न सम्वत् २०७८ असोज ११ गते सोमवार विशेष नगरसभा गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व. का उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनाहरू २०७८ कार्तिक मसान्त भित्रमा सम्झौता गरि सक्ने निर्णय गरियो ।

3. समसामायिक विविधमा तपसिल बमोजिमका निर्णय गरियो ।

   १. सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) आ.व. २०७८/०७९ देखि कार्यालयबाट नै सञ्चालन गर्ने, सो कार्यक्रममा इन्द्रेणी ग्रामिण विकास केन्द्रका तर्फबाट सामी परियोजनामा कार्यरत कर्मचारीहरूलाई २०७८ श्रावण १ गते देखि नै लागु हुने गरी नियुक्ति गर्ने तथा यस आ.व. मा उक्त कार्यक्रम वडा नं. ४, ६, ११ र १२ मा सञ्चालन गर्ने ।

   २. यस आ.व. को लागि यस नगर भित्र सूचिकृत भएका ४२3 बेरोजगारहरूलाई अनुमोदन गर्ने ।

   3. गत आ.व. मा सुविधा सम्पन्न एम्बुलेन्स खरिद गर्ने भनि निर्णय भए बमोजिम खरिद प्रक्रिया अगाडी बढाइएकोमा उक्त सुविधा सम्पन्न एम्बुलेन्स खरिदमा भन्सार छुटको सुविधा पाउन नसकिएको हुँदा पुर मुल्यमा एम्बुलेन्स खरिद गर्ने, उक्त खरिद प्रक्रियाको म्याद कार्तिक मसान्त सम्म थप गर्ने तथा तत्कालको लागि ५० प्रतिशत पेश्की रकम उपलब्ध गराउने ।

   ४. नगरपालिका क्षेत्र भित्र केहि ट्रान्सफर्मर आवश्यक भएको हुँदा विशेष नगरसभामा बजेट व्यवस्थापन हुने गरि तत्काल २ थान विधुत ट्रान्सफर्मर खरिद गर्ने ।

   ५. कपिलवस्तु नगरपालिकाको गेष्ट हाउसमा सटेको सटर राजेश इलेक्ट्रिक सेन्टरले भाडामा लिएकोमा साझा प्रयास अभियान र नगरपालिकाको संयुक्त अभियान अन्तर्गत कोभिडका बिरामी तथा सुरक्षा कर्मीहरूलाई निशुल्क खाना बनाउने प्रयोजनका लागि २०७८ भाद्र महिना सम्म प्रयोग गरिएको हुँदा सो अवधीको सटर भाडा छुट दिइ सम्झौता थप गर्ने ।

   ६. आ.व. २०७८/०७९ को खरिद गुरू योजनाको समिक्षा गरियो । कार्यान्वयनमा देखिएका कमजोरीहरूलाई सुधार गरि तयार गरिएको आ.व. २०७८/०७९ को खरिद गुरू योजना स्वीकृत गर्ने ।

   ७. यस कार्यालयका सूचना प्रविधि अधिकृतलाई नेपाल सरकारले बृद्धि गरेको मासिक रू. २,०००/- (दुई हजार) रकम यस नगरपालिकाको तर्फबाट थप गरि भुक्तानी दिने साथै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट सोधभर्ना हुने रकम मध्ये नपुग रकम समेत नगरपालिकाबाट विनियोजन गर्ने ।

निर्णय प्रमाणित